# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : bfr_refinance@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३


पत्रसंख्याः बै.वि.नि.वि./पुनरकर्जा/ ०११/०७७/०७८

मिति २०७७/०९/२७

इजाजतपत्रप्राप्त "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु

महाशय,

यस बैंकबाट "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७" को बुँदा नं. ९ ३(क) बमोजिम एकमुष्ट रुपमा प्रदान हुने साधारण पुनरकर्जाका लागि संलग्न सूचना बमोजिमको आवेदन आह्वान गरिएको व्यहोरा सूचित गरिन्छ।

भवदीय,

(किरण पण्डित)
का. मु. कार्यकारी निर्देशक

# इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई एकमूष्ट रुपमा प्रदान हुने पुनरकर्जाको लागि आवेदन आह्वान

यस बैंकबाट "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७" को बुँदा नं. ९ को ३(क) बमोजिम इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई एकमुष्ट रुपमा प्रदान हुने साधारण पुनरकर्जाका लागि देहाय बमोजिम आवेदन आह्वान गरिएको व्यहोरा सुचित गरिन्छ ।

**१. प्रथम पटक प्रकाशित मितिः** २०७७/०९/२७

**२. आवेदन बुझाउने अन्तिम मितिः** २०७७/१०/१२

**३. आवेदन दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातः**

(क) नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ अनुसुची १क बमोजिमको ढाँचाको आवेदन ।

(ख) इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णय ।

**४. आवेदनको लागि पालना हुनुपर्ने अन्य शर्तहरुः**

(क) संस्थाले माग गर्ने कुल पुनरकर्जाको रकम संस्थाको अघिल्लो त्रयमासको पुँजीकोषको अधिकतम ६५ प्रतिशतसम्म हुनुपर्ने ।

(ख) आवेदन पेश गर्ने संस्थाको अघिल्लो त्रयमासको पुँजीकोष अनुपात यस बैंकले तोके बमोजिम पुगेको हुनुपर्ने ।

(ग) पुँजी योजना अनुसार चुक्ता पुँजी पुगेको हुनुपर्ने ।

(घ) विगत तीन वर्षभित्र संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु तथा कार्यकारी प्रमुखलाई कुनै कारवाही नभएको हुनुपर्ने ।

(ङ) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर कर्जा प्रवाह नगरेको हुनुपर्ने ।

(च) विगत एक वर्षमा यस बैंकबाट सिघ्र सुधारात्मक लगायत कुनै पनि कारबाहीमा नपरेको हुनुपर्ने ।

(छ) पुनरकर्जा प्राप्त गर्ने संस्थाले प्राप्त श्रोतको आधारमा सम्पूर्ण ऋणीको ब्याजदर कम हुने गरी ब्याजदरमा समायोजन गर्नुपर्ने ।

५. आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई आवेदन पेश गर्ने अन्तिम दिन मानिनेछ ।

६. रितपुर्वक पेश नभएका र समयमै दर्ता नभएका आवेदनलाई स्वीकार गरिने छैन ।

**नेपाल राष्ट्र बैंक,**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं**